# सिन्धुपाल्चोक जिल्ला अदालत
चौतारा, सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np
☏०११-६२०१०१


प्रकाशित मितिः- २०७७/०३/०१

## सूचना ! सूचना !! सूचना !!!

**विषयः- थप सेवा विस्तार सम्बन्धमा ।**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले देश २०७६/१२/११ गते देखि नै लकडाउनमा रहेको अवस्था छ । यस समयमा पनि अदालतको अति आवश्यक कार्यहरु गरिदै आएको तथा लकडाउनको अवधी थपिदै गर्दा कहिले भाइरसबाट देश मुक्त हुन्छ भन्ने यकिन गर्न सकिने अवस्था नरहेको अवस्था छ । सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत पाटनको परिपत्र अनुसार यस अदालतबाट थप गर्न सकिने सेवाहरुका बारेमा सरकारी वकिल र वारसँग छलफल गरि मिति २०७७/०३/०१ को बैठकबाट भएको निर्णय अनुसार यस अदालतबाट मिति २०७७/।०३।०१ गतेदेखि नै थप गरिएका सेवा विस्तार निम्नानुसार रहेको व्यहोरा सबै सरोकारवालाहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**पुर्ववत गरिएका सेवाहरुको निरन्तरता**

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई ।
२. अभियोगपत्र दर्ता र थुनछेक आदेश ।
३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ नं. बमोजिम (कैद बापतको जरिवाना तिरी छुट्ने) निवदेन उपर सुनुवाई ।

**थप सेवा विस्तार**

१. पुनरावेदन पत्र दर्ता गर्ने, प्रत्यर्थी झिकाउने आदेश नभएका मुद्दामा सुनुवाई गर्ने ।
२. यस अदालतमा पुनरावेदन पर्न आउने निकायहरुले गरेको आदेश उपरको निवेदन सुनुवाई गर्ने । (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम निवेदन)
३. मेलमिलाप, मुद्दा फिर्ता, तारेख छोडेर थाम्ने थमाउने अवधी बन्दाबन्दी शुरु हुनुभन्दा अगाडी नै समाप्त भएका मुद्दाहरुको डिसमिस र तामेली लगायतको कारवाही गर्ने ।
४. सवै प्रतिवादी पुर्पक्षको लागी थुनामा रहेको मुद्दाहरुमा प्रमाण बुझ्ने काम सम्पन्न भईसकेको भए त्यस्ता मुद्दाहरुको सुनुवाई गर्ने । साथै बालसुधार गृहमा भएका बालबालिका मात्र समावेश भएका मुद्दामासमेत सुनुवाई गर्ने ।
५. विशेष प्रकृतिका निवेदनहरु (विवाह दर्ता, धर्मपुत्र/पुत्री राखेको प्रमाणीकरण, मृत्युको न्यायिक घोषणा, अधिकृत वारेसनामा, संरक्षकको नियुक्ति, माथवर नियुक्ति, गुठी सञ्चालक नियुक्ति, प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी निवेदन)
६. संयुक्त निवेदनबाट मिलापत्र प्रयोजनका लागि पर्न आउने सम्बन्ध विच्छेद मुद्दा दर्ता गरि कारवाही गर्ने ।
७. घरेलु हिंसा लगायतका व्यक्तिको हक अधिकार संरक्षण निमित्त अपरिहार्य रुपमा दर्ता हुनुपर्ने अवस्थाका फिरादपत्रहरु ।
८. निषेधाज्ञा निवेदनको दर्ता र प्रारम्भिक सुनुवाई गर्ने तथा अन्तरकालिनसंरक्षणात्मक आदेश माग गरिएका निवेदन दर्ता गरी सुनुवाई गर्ने ।

..............................
(ज्ञान बहादुर खत्री)
श्रेस्तेदार